# कीर्तिपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ कीर्तिपुर, पौष १३ गते, २०८० साल संख्या ४

## भाग - २

## कीर्तिपुर नगरपालिका

# "विपद् जोखिम न्यूनीकरण नीति, २०७९"

# विषय सूची


| क्र.सं. | विषय वस्तु | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमी | ३, ४ |
| २. | दीर्घकालीन सोँच | ४ |
| ३. | ध्येय | ५ |
| ४. | लक्ष्य | ५ |
| ५. | उद्देश्यहरु | ५, ६ |
| ६. | अवधारणा | ६, ७ |
| ७. | नीति | ७, ८, ९ |
| ८. | नीति कार्यान्वयन | ९, १० |
| ९. | समन्वय, अनुगमन तथा मूल्याकन | १०, ११ |
| १०. | नीति पुनरावलोकन | ११ |

# विपद् जोखिम न्यूनीकरण नीति २०७९

## १. पृष्ठभूमि

कीर्तिपुर नगरपालिकाको भु–बनोट सामान्य छ र साथै उच्च जनघनत्व रहेकोछ । जनघनत्वको चाप बढी भएको र विभिन्न जातजातीको समूह भएको साथै गुचमुच बस्ती भएकोले  प्रकोपका रुपमा भूकम्प, आगलागी, हावाहुरी, सडक दुर्घटना तथा महामारीको सम्भावना उच्च रहेको छ । नगरमा जोखिम न्यूनीकरणसम्वन्धी ज्ञान, सीप र क्षमताको कमी रहेको, आगलागी, अनियन्त्रित वस्ती विस्तार तथा बाटाघाटा साँघुरो जस्ता प्रकोपको खतरा, जोखिम र संकटसन्नता अवस्था रहेको कारण जनधनको क्षती हुने सम्भावना उच्च रहेको छ । गत २०७२ को विनाशकारी गोर्खा भूकम्पबाट यस नगरपालिका पनि अछुटो रहन सकेन र यसले धेरै धनजनको क्षति पुऱ्याएको थियो ।  जसको कारणले खतरा, जोखिम र संकटासन्नता जस्ताको तस्तै अवस्थामा रहेका छन् ।

खतराको नजिक भएका र जोखिमको अवस्थामा रहिरहेका व्यक्ति, समुह वा समुदाय जो संग सम्भावित विपद्को सामना गर्न, रोकथाम तथा न्यूनीकरण गर्न वा पुनर्स्थापित हुने तुलनात्मक रुपमा कुनै श्रोत साधन र उपाय हुदैन भने त्यसलाई नै संकटासन्नताको अवस्था भनिन्छ । यस हिसावले यस नगरका व्यक्ति, समाज, समुदाय, भौतिक पूर्वाधार, मठमन्दिर, पाटीपौवा आदि संकटासन्नताको हिसावले निकै जोखिममा रहेकोछ । संयुक्त बस्ती भएकाले आगलागीको जोखिम, महामारीको जोखिम, भूकम्पबाट अति प्रभावित हुन सकिने सम्भावना अझ बढी रहेको छ । वसोवास गर्ने अधिकांश समुदायको आर्थिक अवस्था कमजोर, तथा विपद् व्यवस्थापन सम्वन्धी ज्ञानको कमि र चासोमा कमि हुदा

विपद्को सामना गर्न कठिनाइ रहेको देखिन्छ । यतिमात्र होइन भूकम्पबाट प्रभावित भवन, घर तथा पाटीपौवाहरुको भग्नावशेष र क्षति पुगेको भौतिक संरचनालाइ सुरक्षित गर्ने कार्यको ढिलाइले गर्दा जनताहरु संकटसन्नतामा रहेका छन् ।

विपद् जोखिमबाट सुरक्षित, जलबायु अनुकुलित र उत्थानशील नगरको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउन, समुदायको उत्थानशीलता बृद्धी, विपद्बाट हुन सक्ने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतसाधनहरुका साथै कृषी, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरुमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाइ कम गर्दै तिनीरुको उत्थानशीलता बृद्धी गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्न कीर्तिपुर नगरपालिकाले लागु गरेको नगर **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६** लाई कियाशिल बनाउन यो **विपद् जोखिम न्यूनीकरण नीति २०७९** तर्जुमा गरी लागु गरेको छ ।

## २. दीर्घकालीन सोँच

विपद् जोखिमबाट सुरक्षित, जलबायु अनुकुलित र उत्थानशील नगरको निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने यस नीतिको दीर्घकालिन सोँच रहेको छ ।

## ३. ध्येय

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका गतिविधिहरुलाई व्यवस्थित रुपमा कार्यान्वयन गरी विपद्बाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका स्रोतसाधनहरुका साथ व्यक्ति, समुदाय र नगरको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र साँस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षति कमी गर्नु तथा तिनीहरुको उत्थानशीलता बृद्धी गर्नु यस नीतिको ध्येय रहेको छ ।

## ४. लक्ष्य

विपद्बाट हुन सक्ने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतसाधनहरुका साथै कृषी, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरुमा विपद्ले पु¥याउने क्षति एवं अवरोधलाइ कम गर्दै तिनीरुको उत्थानशीलता बृद्धी गर्नु र विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

## ५. उद्देश्यहरु

प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा कम गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरु देहाय बमोजिम छन् ।

१) विपद् जोखिमको बुझाइमा सबै तह र समुदायमा अभिबृद्धि गरी पहुँचलाई सुनिश्चित गर्ने ।

२) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् व्यवस्थापन शाखालाई सुदृढीकरण गर्ने ।

३) विपद् जोखिम न्यूनीकरणलाई नगरपालिकाको सबै क्षेत्रका ( क्लस्टर) क्रियाकलापसंग एकीकरण गर्दै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

४) विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र विस्तार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

५) विपद् पश्चातको पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण कार्यलाइ सुदृढीकरण गरी सुनिश्चित गर्ने ।

## ६. अवधारणा

विपद् जोखिम न्यूनीकरण नगरस्तरीय नीति देहाय बमोजिमको अबधारणामा आधारित रहेको छ ।

१) नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम विपद् जोखिम न्यूनीकरण, रोकथाम र व्यवस्थापनमा सबै तह र निकायहरुवीच समन्वय र सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्ने ।

२) सहभागिता, जवाफदेहिता र पारदर्शिता जस्ता विषयहरुलाइ अंगिकार गरी सबै सरोकारवालाहरुको प्रत्यक्ष संलग्नता

तथा साझेदारी र समाबेशीकरणको सिद्धान्त अवलम्बन गर्ने ।

३) विपद् व्यवस्थापनमा स्थानीय स्रोतसाधन, ज्ञान र शीपको अत्याधिक उपयोगको अवधारणा अवलम्बन गर्ने ।

४) पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण कार्यमा अझ राम्रो र अझ बलियो अवधारणा अवलम्बन गर्ने ।

## ७. नीति

माथि उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि देहायका नीति अवलम्बन गरिनेछन् ।

१) विपद् सम्बन्धी जानकारी सचेतना र सिकाइ समुदायस्तरसम्म अभिबृद्धि गरिनेछ ।

२) विद्यालयस्तरमा विपद् जोखिमसम्बन्धी विषयलाई पाठ्यक्रममा समाबेश गरिनेछ ।

३) विपद् जोखिम लेखाजोखा तथा नक्शाकन गर्ने प्रणालीको विकास गरिनेछ ।

४) संकट उन्मुख समुदायको पहिचान गरी त्यस्ता समुदायको क्षमता अभिबृद्धि गरिनेछ ।

५) सडक दुर्घटना क्षेत्रको पहिचान गरी नक्शाकनको आधार र सूचनाको सम्प्रेषणद्धारा दुर्घटना न्यूनीकरण गरिनेछ ।

६) जनस्वास्थ्यमा पर्न सक्ने सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपद् जोखिम लेखाजोखा गरिनेछ

७) विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी जनसाधारण तथा सरोकारवालाहरुलाई सहज रुपमा विपद् व्यवस्थापनसम्बन्धी सूचना उपलव्ध हुने व्यवस्था गरिनेछ ।

८) विपद् जोखिम न्यूनीकरणका लागि तालिमको व्यवस्था गरिनेछ ।

९) नगरपालिकाको सबै तहमा विपद् व्यवस्थापन उपसमितिहरुको गठन गरी क्षमता र दक्षता अभिबृद्धि गरिनेछ ।

१०) विद्यालय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा खानेपानी स्वास्थ्य तथा सरसफाइ इकाईको गठन गरी विपद्बाट हुन सक्ने सम्भावित खतरा र जोखिमलाइ न्यूनीकरण गर्न समितिहरुको गठन र कार्यान्वयन गरिनेछ ।

११) विपद्बाट हुन सक्ने सम्भावित खतरा र क्षतिलाई न्यूनीकरण गर्न पूर्वतयारी र प्रतिकार्य योजनाहरु बनाइ लागु गरिनेछ ।

१२) आपतकालिन कार्यसञ्चालन केन्द्रलाई थप प्रभावकारी बनाउन आवश्यक पूर्वतयारी र स्रोतसाधनको व्यवस्था गरिनेछ ।

१३) विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि खुल्ला क्षेत्र पहिचान, विकास र व्यवस्थापन गर्नुका साथै संकट उन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रय स्थलको निर्माण गरिनेछ ।

१४) आपतकालीन भण्डारण गृहको स्थापना, विकास र विस्तार गरी आवश्यक पर्ने उद्धार तथा राहतका सामाग्रीको भण्डारण गरिनेछ ।

१५) स्थानीय स्तरमा विपद्को समयमा परिचालिन हुने स्वयंसेवकहरुको क्षमता विकास गरिनेछ ।

१६) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी र नतिजामूखी बनाउन जवाफदेहीता, पारदर्शीता र उच्च गुणस्तरता सुनिश्चितता गरिनेछ ।

## ८. नीति कार्यान्वयन

यस नीतिको कार्यान्वयनकालागि देहाय बमोजिमका उपायहरु अवलम्बन गरिनेछन् ।

१) यस नीतिको योजनावद्ध कार्यान्वयनकोलागि नगरको सबै तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, बार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२) विषयगत समिति, सार्वजनिक निकायहरु, विकासका साझेदार तथा नीजि क्षेत्रको कार्यक्रम तर्जुमा एवं

कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ ।

३) नगरपालिकाको आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाइ मार्गदर्शनको रुपमा लिइनेछ ।

४) यस नीतिको कार्यान्वयनकोलागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।

५) यस नगरको विपद् व्यवस्थापन ऐनमा व्यवस्था भए अनुरुप आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।

६) यस नीतिलाइ प्रभावकारी कार्यान्वयनकोलागि आवश्यक निर्देशिकाको व्यवस्था गरिनेछ ।

## ९. समन्वय, अनुगमन तथा मूल्याकन

१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसंग सम्बन्धित कार्यहरुको प्रभावकारी कार्यान्वयनकोलागि नगरका सबै तह, सरकारी निकाय, गैरसरकारी संघसंस्था, राजनीतिक दल तथा सरोकारवालाहरुबीच सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।

२) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरुको अनुगमन तथा मूल्याकनका लागि नगरपालिकाले एक छुट्टै समितिको गठन, कार्य जिम्मेवारी सहित कार्य अगाडी बढाउनेछ ।

३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण विवरण वार्षिक रुपमा अद्यावधिक गरी नगर विपद् प्रतिवेदन प्रकाशन गरिनेछ ।

## १०. नीति पुनरावलोकन

यस नीतिलाई नगरकार्यपालिकाबाट आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ ।

**प्रमाणीकरण मितिः-** २०८०।०९।२७

आज्ञाले
लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत